वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ५ संख्या : १ मिति : २०७९/३/१४

## भाग १

# आर्थिक ऐन २०७९

**प्रस्तावना :**

वीरेन्द्रनगर नगरपालिका सुर्खेतको आर्थिक वर्ष ०७९/०८० को अर्थ सम्बन्धी काम कारवाहीलाई नियमित गर्न स्थानीय कर तथा शुल्क संकलन गर्न छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न तथा समय सापेक्ष करका दरहरु थपघट गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (घ) बमोजिम वीरेन्द्रनगर नगर सभाले यो ऐन बनाई जारी गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम “वीरेन्द्रनगर नगरपालिका सुर्खेतको आर्थिक ऐन, २०७९” रहेको छ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि वीरेन्द्रनगर नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

**२. सम्पति कर** : नगरपालिकाका क्षेत्रभित्रका जग्गाहरु प्रचलित सरकारी दर (रजिष्ट्रेशन प्रयोजनका लागि कायम भएको दर) लाई न्यूनतम मुल्याङ्कन कायम गरि अनुसूचि (१) को (क) देखि (ग) सम्म उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ। अनुसूची १ बमोजिम लगाइने सम्पत्ती करमा छुट तथा जरिवाना सम्बन्धी व्यवस्था सम्पत्ती कर व्यवस्थापन कार्यविधी अनुसार हुने छ।

**३. भूमि कर (मालपोत) :**

(१) नगरपालिका क्षेत्रभित्रका जग्गामा मूल्यांकनको आधारमा मालपोत लगाइने र असुल उपर गरिनेछ। तर दफा २ बमोजिम सम्पत्ति कर लगाइएको जग्गामा मालपोल लगाइने छैन।

(२) उपदफा १ बमोजिम लगाइने मालपोतको दर अनुसूची (१क) मा उल्लेख भए बमोजिम हुनेछ।

**४. घरजग्गा वहाल कर :** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकमको १० प्रतिशतका दरले घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

**५. व्यवसाय कर :**

(१) नगरपालिका क्षेत्रभित्र उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (२) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम व्यवसाय कर असूली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केट एवं अन्य व्यवसायको प्रत्येक कारोबार स्थलमा अलग-अलग एकाइ मानी कर असुली गरिनेछ। अनुसूची २ बमोजिम लगाइने व्यवसाय कर सोहि आ.व.भित्र भुक्तान नगरि वक्यौता कायम हुन गएमा पहिलो वर्ष १० प्रतिशत र सो भन्दा अघिका वर्षहरुको वक्यौतामा क्रमशःहरेक वर्षको लागि थप ५ प्रतिशतका दरले विलम्ब शुल्क लिइने छ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु कर**: नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (३) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**७. सवारी साधन कर**: नगरपालिका क्षेत्रभित्र दर्ता भएका रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सा जस्ता सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर र बाटो इजाजत दस्तुर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**८. विज्ञापन कर**: नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने डिजिटल बोर्ड, साइनबोर्ड, ग्लोबोर्ड,  स्टल आदिमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**९. मनोरन्जन कर**: नगरपालिकाले प्रदेश कानुनले तोकेबमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ।

**१०. बहाल बिटौरी शुल्क**: नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**११. पार्किङ शुल्क**: नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (७) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२. ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफटिङ्ग शुल्क**: नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत कार्यपालिकाले तोके

बमोजिमको शुल्क लगाइने र असूल उपर   गरिनेछ।

**१३. सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित सिफारिस, प्रमाणित, अनुमती दस्तुर, स्थानीय पूर्वाधार, फोहरमैला व्यवस्थापन, ओजेटी सेवा ,शिक्षा सेवा शुल्क तथा सहकारी लगाएत उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१४. नक्सापास दस्तुरः** मापदण्ड पुगेको घर निर्माणमा नक्शापास दस्तुर अनुसूची (९) (क) बमोजिम र  मापदण्ड नपुगेको घरहरुको हकमा कार्यपालिका बाट स्वीकृत निर्देशिका बमोजिम हुनेछ।

**१५. पर्यटन शुल्कः** नगरपालिकाको आफ्नो पर्यटकीय क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१०)  मा उल्लेख भएबमोजिम पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१६. ढुङ्गा,गिटी,बालुवा एवं माटो जन्य वस्तुको बिक्रि शुल्कः** नगरपालिकाले प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव परिक्षणबाट तोकिएको परिणाममा स्लेट,ढुङ्गा,गिटी,बालुवा एवं माटोजन्य वस्तु एवं सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ,दाउरा,जराजुरी,दहत्तर बहत्तर आदिको संकलन शुल्क प्रदेश आर्थिक ऐन बमोजिम हुने र न्युनतम बिक्री  अनुसूची ११ बमोजिम हुनेछ।

**१७. भाडामा लगाउन सक्ने** : नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा अनुसूची १२ मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ।

**१८. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कार्यपालिकाले निर्णय गरि कर छुट दिन सकिनेछ।

**१९. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था भए अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ।

**२०. दण्ड जरिवानाः**

(१) नगरपालिकाले ठेकेको वा लगाएको कर, दस्तुर, शुल्क महशुल तथा असुल गर्न बाँकी अन्य कुनै रकम व्यक्तिले नबुझाएमा नगरपालिकाले देहाय बमोजिम कारबाही गर्न सक्नेछ।

क) यस ऐन बमोजिम उठाउन पाउने कर, दस्तु  र, शुल्क तथा असुल गर्न बाँकी अन्य रकम कुनै व्यक्तिले नबुझाएमा त्यस्तो व्यक्तिको चल अचल सम्पत्तीको स्वामित्व हस्तान्तरण रोक्का गर्न सम्बन्धित निकायलाइ लेख्न, व्यापार व्यवसायमा सिलबन्दी तथा तालाबन्दी गर्न र निकासी पैठारी लगाएतका कारोबार रोक्का गर्न र कालो सूचीमा राख्न सक्नेछ।

ख) नगरपालिकाले यस ऐन बमोजिम उठाउन पाउने रकम खण्ड (क) बमोजिम सम्बन्धित व्यक्तिको घर, जग्गा, कारोबार वा जायजेथा रोक्का गर्दापनि उठ्न नसकेमा नगरपालिकाले निजको घर, जग्गा, कारोबार वा अन्य कुनै जेथा भए सो लिलाम

बिक्री गरि असुल गर्न सक्नेछ।

ग) यस ऐन अन्तरगतको काम कारोबारको सिलसिलामा कुनै ठेकेदारले राखेको धरौटी वा जमानत सो कार्य गर्न नसकेको अवस्थामा नगरपालिकाले त्यस्तो धरौटी जफत गरि वा जमानत लिलाम विक्रि गरि असुल उपर गर्ने।

तर जफत वा लिलाम विक्रि गरि प्राप्त हुन अएको रकम त्यस्तो व्यक्तिले नगरपालिकालाई बुझाउनुपर्ने रकम भन्दा बढि हुन आएमा बढि भएको रकम सम्बन्धित व्यक्तिलाइ फिर्ता दिनु पर्नेछ।

(२) उपदफा १ को खण्ड (ख) वा (ग) बमोजिम नगरपालिकाले लिलाम विक्रि गर्दा प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ।

(३) यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कर्तव्य भएको व्यक्ति वा संघसंस्थाले कर्तव्य पालना नगरेमा वा नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महशुल तोकिएको समयमा भुक्तानी नगरेमा अनुसूची (१३) मा उल्लिखित दरमा दण्ड जरिवाना लगाई असूल उपर गर्नेछ।

(४) यस ऐन बमोजिम तिर्नु बुझाउनुपर्ने कर दस्तुर शुल्क महशुल तथा असुल गर्न बाँकी अन्य कुनै रकम नबुझाएमा नगरपालिकाले उपलब्ध गराएको सेवा त्यस्तो व्यक्तिको हकमा बन्द गर्न सक्नेछ।

**२१. विविधः**

१. कृषि, पशु, सहकारी, शिक्षा, घरेलु जस्ता अन्य विषयगत कार्यालयबाट हुने कार्यको सेवा शुल्क दस्तुर उल्लेख भएमा सोहि बमोजिम र नभएमा साविकमा यी विषयगत कार्यालयले लिँदै आएको दस्तुर शुल्क लाग्नेछ।

२.यस ऐनमा नसमेटीएका र अन्य कानुनसँग नबाझिने गरि कर दस्तुर शुल्कको दररेट नगर कार्यपालिकाको निर्णय तथा स्वीकृत कार्यविधीको मापदण्ड बमोजिम हुनेछ।

## अनुसूची–१ क
## (दफा २ संग सम्वन्धित)

सम्पति कर तथा भूमि (मालपोत) करको स्वीकृत दर

| कर योग्य सम्पत्तिको मूल्य | बार्षिक दर | करयोग्य भूमी (मालपोत) जग्गाको मूल्य | वार्षिक कर |
|---|---|---|---|
| रु १ देखि ५ लाख रुपैयाँ सम्मको मूल्यांकनमा | एकमुष्ठ रु ५० | रु १ देखि ५ लाख रुपैयाँ सम्मको मूल्यांकनमा | एकमुष्ठ रु ५० |
| रु ५ लाख १ देखि २० लाख रुपैयाँ सम्म | प्रति सय रु ०.०१ | रु ५ लाख १ देखि २० लाख रुपैयाँ सम्म | प्रति सय रु ०.०१ |
| २० लाख १ देखि ५० लाख रुपैयाँ सम्म | प्रति सय रु ०.०१५ | २० लाख १ देखि ५० लाख रुपैयाँ सम्म | प्रति सय रु ०.०१५ |
| रु ५० लाख १ रुपैयाँ देखि १ करोड रुपैयाँ सम्म | प्रति सय रु ०.०२ | रु ५० लाख १ रुपैयाँ देखि १ करोड रुपैयाँ सम्म | प्रति सय रु ०.०२ |
| रु १ करोड १ रुपैयाँ देखि १ करोड ५० लाख रुपैयाँ सम्म | प्रति सय रु ०.०३ | रु १ करोड १ रुपैयाँ देखि १ करोड ५० लाख रुपैयाँ सम्म | प्रति सय रु ०.०३ |
| १ करोड ५० लाख १ देखि २ करोड सम्म | प्रति सय रु ०.०४ | १ करोड ५० लाख १ देखि २ करोड सम्म | प्रति सय रु ०.०४ |
| रु २ करोड १ देखि २ करोड ५० लाख सम्म | प्रति सय रु ०.०५ | रु २ करोड १ देखि २ करोड ५० लाखसम्म | प्रति सय रु ०.०५ |
| रु २ करोड ५० लाख १ देखि ३ करोड सम्म | प्रति सय रु ०.०६ | रु २ करोड ५० लाख १ देखि ३ करोड सम्म | प्रति सय रु ०.०६ |
| रु ३ करोड १ देखि ३ करोड ५० लाख सम्म | प्रति सय रु ०.०७ | रु ३ करोड १ देखि ३ करोड ५० लाख सम्म | प्रति सय रु ०.०७ |
| रु ३ करोड ५० लाख १ देखि ४ करोड सम्म | प्रति सय रु ०.०७५ | रु ३ करोड ५० लाख १ देखि ४ करोड सम्म | प्रति सय रु ०.०७५ |
| रु ४ करोड १ देखि माथि | प्रति सय रु ०.०८ | रु ४ करोड १ देखि माथि | प्रति सय रु ०.०८ |

अनुसूची १ (ख)
(दफा २ संग सम्वन्धित)

# संरचनाको मुल्यांकन दर निर्धारण

| | क्षेत्र | संरचना प्रति वर्ग फिट रु. | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पक्की जोडाईमा ढलाई | | माटोको जोडाइमा ढलाई | | पक्का जोडाईमा जस्ता वा टायलको छाना | | माटोको जोडाई भै जस्ता वा टायल छाना | | सेड | |
| | | ब्यापारिक, औद्योगिक तथा संस्थागत | आवासीय | ब्यापारिक, औद्योगिक तथा संस्थागत | आवासीय | ब्यापारिक, औद्योगिक तथासंस्थागत | आवासीय | ब्यापारिक, औद्योगिक तथासंस्थागत | आवासीय | ब्यापारिक, औद्योगिक तथा संस्थागत | आवासीय |
| क | व्यापारिक क्षेत्र | १८०० | १७०० | १७०० | १६०० | १५०० | १४०० | १३०० | १२०० | ५०० | ३०० |
| ख | संस्थागत क्षेत्र | १७०० | १६०० | १६०० | १५०० | १४०० | १३०० | १२०० | ११०० | ४०० | २५० |
| ग | आवासीय क्षेत्र | १६०० | १५०० | १५०० | १४०० | १३००० | १२०० | ११०० | १००० | ३०० | २०० |
| घ | कृषि क्षेत्र | १५०० | १४०० | १४०० | १३०० | १२०० | ११०० | १००० | ९०० | ३०० | २०० |
| ङ | वन तथा वगर क्षेत्र | १४०० | १३०० | १३०० | १२०० | ११०० | १००० | ९०० | ८०० | ३०० | २०० |
| ढुंगा वा इँटाको पर्खाल प्रति रनिङफिट रु. २५०।०० | | | | | | | | | | | |
| कच्ची घर एकमुष्ट रु १०,०००।०० (१०० वर्ग फिट सम्म) | | | | | | | | | | | |

अनुसूची १(ग)
(दफा २ संग सम्वन्धित)

# संरचनाको ह्रास कट्टी दर

| संरचनाको किसिम / संरचनाको आयु | आर. सि.सि. फ्रेम स्ट्रक्चर | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - आर.सि.सि. वा सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/टायलको छाना | माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो - जस्ता/ टायलको छाना | सेड वा कच्ची घर |
|---|---|---|---|---|---|
| १ - ३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३- ६ वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६- ९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९- १२ वर्ष | २४ | ३६ | ४८ | ६० | ७० |
| १२- १५ वर्ष | ३० | ४५ | ६० | ७५ | ८० |
| १५- १८ वर्ष | ३६ | ५४ | ७२ | ८० | ८० |
| १८- २१ बर्ष | ४२ | ६३ | ८४ | ८० | ८० |
| २१- २४ वर्ष | ४८ | ७२ | ८० | ८० | ८० |
| २४- २७वर्ष | ५४ | ८१ | ८० | ८० | ८० |
| २७- ३० वर्ष | ६० | ८० | ८० | ८० | ८० |
| ३०- ३३ वर्ष | ६६ | ८० | ८० | ८० | ८० |
| ३३- ३६ वर्ष | ७२ | ८० | ८० | ८० | ८० |
| ३६- ४० वर्ष | ७८ | ८० | ८० | ८० | ८० |
| ४०- ४३ वर्ष | ८४ | ८० | ८० | ८० | ८० |
| ४३- ४६ वर्ष | ८० | ८० | ८० | ८० | ८० |
| ४६ भन्दा माथि | ८० | ८० | ८० | ८० | ८० |

अनुसूची २

(दफा ५ संग सम्वन्धित)

# व्यवसाय करको दररेट

| संकेत | व्यवसायको विवरण | २०७६।०७७ को स्वीकृत | २०७७।०७८ को स्वीकृत | २०७८।०७९ को स्वीकृत | २०७९।०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| १. | **मर्मत तथा संभार सेवा तर्फ** | | | | |
| १.१ | चार पांग्रे गाडी मर्मत | १५०० | १५०० | १५०० | १५०० |
| १.२ | मोटरसाइकल मर्मत | ७५० | ७५० | ७५० | ७५० |
| १.३ | रेडियो,घडी, मोवाइल, तथा विभिन्न विद्युतीय उपकरण मर्मत | ६१० | ६१० | ६१० | ६१० |
| १.४ | टायर, पञ्चर टाल्ने र टायरमा हावा भर्ने | ४०० | ४०० | ४०० | ४०० |
| १.५ | सवारी डेन्ट, पेन्टगर्ने पसल | | | | |
| १.६ | सवारी साधन धुने | ५५० | ५५० | ५५० | ५५० |
| १.७ | सवारी साधनको सिट, हुट बनाउने पसल | ११०० | ११०० | ११०० | ११०० |
| १.८ | साइकल, कुकर,पंखा, छाता, स्टोभ आदि मर्मत | ४०० | ४०० | ४०० | ४०० |
| २. | **स्वास्थ्य सेवातर्फ** | | | | |
| २.१ | १५ बेड सम्मका अस्पताल | ८००० | ८००० | ८००० | ८००० |
| २.२ | १५ बेड भन्दा माथीका अस्पताल | १०००० | १०००० | १०००० | १०००० |
| २.३ | नर्सिङ्ग होम | ७००० | ७००० | ७००० | ७००० |
| २.४ | एक्सरे, ल्याव सुविधा सहित डाक्टरको सेवा भएको मेडिकल | २५०० | २५०० | २५०० | २५०० |
| २.५ | एक्सरे, ल्याव सुविधा रहित डाक्टरको सेवा भएको मेडिकल पसल/औषधी थोक पसलमा | १५०० | १५०० | १५०० | १५०० |
| २.६ | दात उपचार केन्द्र | २००० | २००० | २००० | २००० |

| संकेत | व्यवसायको विवरण | २०७६।०७७ को स्वीकृत | २०७७।०७८ को स्वीकृत | २०७८।०७९ को स्वीकृत | २०७९।०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| २.७ | डाक्टरको सेवा नभएको मेडिकल पसल | ७५० | ७५० | ७५० | ७५० |
| २.८ | सर्जिकल सामान बेच्ने पसल | ६५० | ६५० | ६५० | ६५० |
| २.९ | वैद्य खाना तथा अन्य क्लिनिक, ल्याव | ६५० | ६५० | ६५० | ६५० |
| ३. | **शिक्षा सेवा तर्फ** | | | | |
| ३.१ | निजिस्तरबाट संचालीत चाइल्ड केयर तथा मोन्टेश्वरी | १००० | १००० | १००० | १००० |
| ३.२ | आधारभुत तहका निजी विद्यालय (कक्षा १-८सम्म) | २००० | २००० | २००० | २००० |
| ३.३ | मा.वि.तहका निजी विद्यालय | ३००० | ३००० | ३००० | ३००० |
| ३.४ | निजि स्तरका क्याम्पसहरु | ६००० | ६००० | ६००० | ६००० |
| ३.५ | तालीम तथा अनुसन्धान केन्द्र | ४००० | ४००० | ४००० | ४००० |
| ३.६ | टाइपिङ् , कम्प्युटर तथा प्रशिक्षण केन्द्र | ६००० | ६००० | ६००० | ६००० |
| ४. | **सञ्चार सेवा तर्फ** | | | | |
| ४.१ | साइवर तथा इमेल, इन्टरनेट, रेडियो पेजिङ् आदिमा | २००० | २००० | २००० | २००० |
| ४.२ | फोन, फ्याक्स, फोटोकपि | ६०० | ६०० | ६०० | ६०० |
| ४.३ | रिचार्ज कार्डको डिलर | २००० | २००० | २००० | २००० |
| ४.४ | कुरियर सेवा | ५५० | ५५० | ५५० | ५५० |
| ४.५ | एफ.एम. रेडियो | १५०० | १५०० | १५०० | १५०० |
| ४.६ | नेपाल टेलिकम बाहेकका टेलिफोन सेवा सञ्चालक | ५००० | ५००० | ५००० | ५००० |
| ४.७ | केवल नेटवर्क,इन्टरनेट सेवा प्रदायक | २५००० | २५००० | २५००० | २५००० |
| ५. | **छपाइ तथा प्रकाशन** | | | | |
| ५.१ | अफसेट प्रेस | २५०० | २५०० | २५०० | २५०० |

| संकेत | व्यवसायको विवरण | २०७६/०७७ को स्वीकृत | २०७७/०७८ को स्वीकृत | २०७८/०७९ को स्वीकृत | २०७९/०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| ५.२ | साधारण प्रेस | १५०० | १५०० | १५०० | १५०० |
| ६. | **वित्तीय सेवा तर्फ** | | | | |
| ६.१ | नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक केन्द्रिय स्तरका वाणिज्य बैंकहरु | २०००० | २०००० | २०००० | २०००० |
| ६.२ | विकास वैंकहरु मुख्य कार्यालय तथा प्रदेश कार्यालय | १५००० | १५००० | १५००० | १५००० |
| ६.३ | विकास वैंकहरु शाखा कार्यालय | ८००० | ८००० | ८००० | ८००० |
| ६.४ | वीमा कम्पनी केन्द्रिय कार्यालय | १५००० | १५००० | १५००० | १५००० |
| ६.५ | वीमा कम्पनी शाखा कार्यालय | १०००० | १०००० | १०००० | १०००० |
| ६.६ | मनीट्रान्सफर (बैंक बाहेक) | २००० | २००० | २००० | २००० |
| ६.७ | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय (शेयर कारोबार गर्ने समेत) | १०००० | १०००० | १०००० | १०००० |
| ६.८ | वित्तीय कम्पनीको शाखा कार्यालय | ७००० | ७००० | ७००० | ७००० |
| ६.९ | सहकारी बैंक र बचत तथा ऋण सहकारी (क श्रेणी : २ करोड भन्दा बढी कारोवार हुने) | ३००० | ३००० | ३००० | ३००० |
| ६.१० | आर्थिक कारोवार गर्ने सहकारी संस्थाहंरु (ख श्रेणी : २ करोड भन्दा कम कारोवार हुने ) | २००० | २००० | २००० | २००० |
| ६.११ | अन्य कारोवार गर्ने सहकारी संस्थाहंरु | १५०० | १५०० | १५०० | १५०० |
| ६.१२ | विदेशी मुद्रा सटही | १५०० | १५०० | १५०० | १५०० |

| संकेत | व्यवसायको विवरण | २०७६।०७७ को स्वीकृत | २०७७।०७८ को स्वीकृत | २०७८।०७९ को स्वीकृत | २०७९।०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| ६.१३ | वीमा कम्पनीहरु | ७००० | ७००० | ७००० | ७००० |
| ६.१४ | मनी ट्रान्सफर सेवा (बैंक बाहेक) | २००० | २००० | २००० | २००० |
| ७. | **होटल, लज तथा रेष्टुरन्टरबार (पर्यटन उद्योग )** | | | | |
| ७.१ | तारे होटल थ्री स्टार सम्म | २५००० | २५००० | २५००० | २५००० |
| ७.२ | उच्च स्तरको लजिङ, फुडिङ,स्वीमिंग पुल,सेमिनारहल सुविधा भएको होटल | १०००० | १०००० | १०००० | १०००० |
| ७.३ | मध्यम स्तरको लजिङ, फुडिङको सुविधा भएको होटल | ४५०० | ४५०० | ४५०० | ४५०० |
| ७.४ | सामान्य लजिङ, फुडिङको सुविधा भएको | २००० | २००० | २००० | २००० |
| ७.५ | रेस्टुरेन्ट/बार सांस्कृतिक कार्यक्रम सहितको | १०००० | १०००० | १०००० | १०००० |
| ७.६ | लज मात्र भएको | १८०० | १८०० | १८०० | १८०० |
| ७.७ | राम्रो खालको रेष्टुरन्ट /बार ब्ऋ सुविधा सहित | ३००० | ३००० | ३००० | ३००० |
| ७.८ | सामान्य खालको रेष्टुरन्ट/बार | २००० | २००० | २००० | २००० |
| ७.९ | सामान्य खालको होटल | १००० | १००० | १००० | १००० |
| ७.१० | ट्राभल्स एंव टुरीजम एजेन्सी | २००० | २००० | २००० | २००० |
| ७.११ | प्याराग्लाइडिङ/ऱ्याफ्टिंग | २००० | २००० | २००० | २००० |
| ८. | **चिया नास्ता तथा चाट पसल** | | | | |
| ८.१ | मिष्ठान्न भण्डार सहितको चिया नास्ता पसल | १००० | १००० | १००० | १००० |
| ८.२ | मिष्ठान्न भण्डार रहितको चिया नास्ता पसल | ६०० | ६०० | ६०० | ६०० |

| संकेत | व्यवसायको विवरण | २०७६।०७७ को स्वीकृत | २०७७।०७८ को स्वीकृत | २०७८।०७९ को स्वीकृत | २०७९।०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| ८.३ | ग्रामीण क्षेत्रको चियानास्ता पसल | ५०० | ५०० | ५०० | ५०० |
| ८.४ | चाट पसल | ५०० | ५०० | ५०० | ५०० |
| ९. | **सुन चांदी पसल** | | | | |
| ९.१ | थोक रुपमा तथा मेसिनद्वारा गहन बनाई बिक्री गर्ने पसल | ४००० | ४००० | ४००० | ४००० |
| ९.२ | साना तथा हातले गहना बनाई बिक्री गर्ने पसल | २००० | २००० | २००० | २००० |
| ९.३ | गहना बनाउने तथा मर्मत गर्ने पसल | १००० | १००० | १००० | १००० |
| १०. | **मदिरा पसल** | | | | |
| १०.१ | थोक बिक्री पसल | ८००० | ८००० | ८००० | ८००० |
| १०.२ | मध्यम खालको पसल | ४००० | ४००० | ४००० | ४००० |
| १०.३ | खुद्रा विक्री पसल | ३००० | ३००० | ३००० | ३००० |
| ११. | **मासु पसल** | | | | |
| ११.१ | एकभन्दा बढी आइटम राखी मासु बेच्ने पसल | १००० | १००० | १००० | १००० |
| ११.२ | रांगा, खसी र वंगुरमध्य कुनै एकको मात्र मासु बेच्ने पसल | ८०० | ८०० | ८०० | ८०० |
| ११.३ | माछा, कुखुरा,हांस तथा अन्य पंक्षीको मासु बेच्ने पसल | ७०० | ७०० | ७०० | ७०० |
| १२. | **मेटल वर्कसप** | | | | |
| १२.१ | क श्रेणी (ग्रील सटर, आल्मुनियम निर्माण तथा थोक विक्रेता, उधोग समेत) | ४००० | ४००० | ४००० | ४००० |
| १२.२ | ख श्रेणी (सामान्य ग्रील मर्मत) | १००० | १००० | १००० | १००० |
| १३. | **स्टील , काठ फर्निचर,कार्पेट विक्रेता** | | | | |

| संकेत | व्यवसायको विवरण | २०७६।०७७ को स्वीकृत | २०७७।०७८ को स्वीकृत | २०७८।०७९ को स्वीकृत | २०७९।०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| १३.१ | क श्रेणी (उद्योग सहित थोक विक्रेता) | ४००० | ४००० | ४००० | ४००० |
| १३.२ | ख श्रेणी (खुद्रा विक्रेता) | १५०० | १५०० | १५०० | १५०० |
| १४. | **वेकरी उद्योग र वेकरी पसल** | | | | |
| १४.१ | उद्योगलाई | २००० | २००० | २००० | २००० |
| १४.२ | पसललाई | १५०० | १५०० | १५०० | १५०० |
| १४.३ | दुवै गर्नेलाई | २००० | २००० | २००० | २००० |
| १५. | **तरकारी र फलफुल पसल** | | | | |
| १५.१ | थोक पसल | १५०० | १५०० | १५०० | १५०० |
| १५.२ | खुद्रा पसल | ७०० | ७०० | ७०० | ७०० |
| १५.३ | डोके पसल | | | | |
| १६. | **मिलहरु : प्रति हर्स पावर** | ५५ | ५५ | ५५ | ५५ |
| १७. | **किराना तथा खाद्य पसल** | | | | |
| १७.१ | डिपार्टमेन्ट स्टोर | ५००० | ५००० | ५००० | ५००० |
| १७.२ | उच्च स्तरको किराना तथा खाद्य पसल (थोक सहितको किराना तथा खाद्य पसल ) | २५०० | २५०० | २५०० | २५०० |
| १७.३ | मध्यम स्तरको किराना तथा खाद्य पसल ( बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखेको किराना तथा खाद्य पसल ) | २००० | २००० | २००० | २००० |
| १७.४ | सामान्य स्तरको किराना तथा खाद्य पसल (सामान्य बिक्री कक्षमात्र भएको किराना तथा खाद्य पसल) | १००० | १००० | १००० | १००० |
| १७.५ | निम्न स्तरको किराना तथा खाद्य पसल (सानो बिक्री कक्षमात्र भएको किराना तथा खाद्य पसल) | ७०० | ७०० | ७०० | ७०० |

| संकेत | व्यवसायको विवरण | २०७६।०७७ को स्वीकृत | २०७७।०७८ को स्वीकृत | २०७८।०७९ को स्वीकृत | २०७९।०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| १७.६ | दैनिक उपभोगका खाद्य पदार्थ | ७०० | ७०० | ७०० | ७०० |
| १७.७ | सामान्य घुम्ती पसल | ४०० | ४०० | ४०० | ४०० |
| १७.८ | ठेला | | | | ५०० |
| १८. | **कांचो कपडा , रेडिमेड फेन्सी तथा जुत्ता, चप्पल पसल र टेन्ट हाउस** | | | | |
| १८.१ | उच्च स्तरको पसल (गोदाम समेत राखेको थोक पसल ) | ५००० | ५००० | ५००० | ५००० |
| १८.२ | मध्यम स्तरको पसल (बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखेको पसल) | ३००० | ३००० | ३००० | ३००० |
| १८.३ | सामान्य स्तरको पसल (सामान्य बिक्री कक्षमात्र भएको पसल) | २००० | २००० | २००० | २००० |
| १८.४ | निम्न स्तरको पसल (सानो बिक्री कक्षमात्र भएको पसल | १५०० | १५०० | १५०० | १५०० |
| १८.५ | उन तथा उनको कपडाको थोक विक्रेता | १२०० | १२०० | १२०० | १२०० |
| १८.६ | उन तथा उनको कपडाको फुटकर विक्रेता | ८०० | ८०० | ८०० | ८०० |
| १८.७ | सामान्य घुम्ती पसल | ६०० | ६०० | ६०० | ६०० |
| १९. | **टेन्ट हाउस** | | | | |
| १९.१ | क्याटरिंग सहित उच्चस्तरको टेन्ट हाउस | ५००० | ५००० | ५००० | ५००० |
| १९.२ | टेन्ट हाउस सामान्य स्तरको | २५०० | २५०० | २५०० | २५०० |
| २० | **प्लाष्टिकजन्य पसल** | | | | |
| २०.१ | थोक पसल | १५०० | १५०० | १५०० | १५०० |
| २०.२ | खुद्रा पसल | १२०० | १२०० | १२०० | १२०० |
| २१. | **कम्प्युटर, मोवाइल, टि.भी. , रेडियो , घडीतथाअन्यविद्युतीय सामान बेच्ने पसल/इलेक्ट्रोनिक्स पसल** | | | | |

| संकेत | व्यवसायको विवरण | २०७६।७७ को स्वीकृत | २०७७।७८ को स्वीकृत | २०७८।७९ को स्वीकृत | २०७९।८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| २१.१ | अन्तर्राष्ट्रियस्तरको ब्राण्ड भएको उच्च स्तरको पसल - कम्प्युटर, टि.भी. आदिको डिलर तथा ठुलो/होलसेल पसल | १०००० | १०००० | १०००० | १०००० |
| २१.२ | मध्यम स्तरको पसल (कम्प्युटर, टि.भी. आदिमध्य कुनै एकको डिलर भएता पनि सानो पसल) | ५००० | ५००० | ५००० | ५००० |
| २१.३ | सामान्य किसीमको पसल | २००० | २००० | २००० | २००० |
| २१.४ | रेडियो, घडीमात्र राखेको सामान्यपसल | १००० | १००० | १००० | १००० |
| २२. | **सवारी साधन विक्रीमा** | | | | |
| २२.१ | चार पांग्रे गाडी सो रुम तथा बिक्रीमा | १५००० | १५००० | १५००० | १५००० |
| २२.२ | तिनपांग्रे सवारी साधन सोरुम तथा विक्रिमा | १२००० | १२००० | १२००० | १२००० |
| २२.३ | मोटरसाइकल सोरुम तथा बिक्रीमा | १०००० | १०००० | १०००० | १०००० |
| २२.४ | साइकल सो रुम तथा बिक्रीमा | १२०० | १२०० | १२०० | १२०० |
| २२.५ | अटोमोवाइल्सका पार्टपूर्जामात्र बेच्ने पसल | ५००० | ५००० | ५००० | ५००० |
| २३ | अडियो, भिडियो क्यासेट बिक्री तथा मर्मत | १००० | १००० | १००० | १००० |
| २४ | भांडा पसल | | | | |
| २४.१ | क श्रेणीमा पर्ने (सजावत तथा उपहारका सामान समेत राखेको) | १७०० | १७०० | १७०० | १७०० |
| २४.२ | ख श्रेणीमा पर्ने | १४०० | १४०० | १४०० | १४०० |
| २४.३ | सामान्य पसल | ९०० | ९०० | ९०० | ९०० |
| २५. | **कुखुरा पालन व्यवसाय** | | | | |

| संकेत | व्यवसायको विवरण | २०७६।०७७ को स्वीकृत | २०७७।०७८ को स्वीकृत | २०७८।०७९ को स्वीकृत | २०७९।०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| २५.१ | १००० भन्दा बढी कुखुरा पाल्ने फर्म | २००० | २००० | २००० | २००० |
| २५.२ | ५०० देखि १००० सम्म कुखुरा पाल्ने पसल | १००० | १००० | १००० | १००० |
| २५.३ | ५०० भन्दा कम कुखुरा पाल्ने पसल | ६०० | ६०० | ६०० | ६०० |
| २५.४ | कृषि तथा पशुपालन व्यवसाय | १००० | १००० | १००० | १००० |
| २६. | **स्टेशनरी तथा पुस्तक पसल** | | | | |
| २६.१ | स्टेशनरी सामान , पुस्तक तथा पत्रपत्रिकाको थोक सहितको पसल | ५००० | ५००० | ५००० | ५००० |
| २६.२ | स्टेशनरी सामान, पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | ३००० | ३००० | ३००० | ३००० |
| २६.३ | स्टेशनरी सामान, पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल ख वर्ग | १५०० | १५०० | १५०० | १५०० |
| २७. | **निर्माण सामाग्री, हार्डवेयर , शिसा तथा विद्युत सामाग्री पसल** | | | | |
| २७.१ | अन्तर्राष्ट्रिय Multiinational company को सामान भएको डिलर | १२००० | १२००० | १२००० | १२००० |
| २७.२ | राष्ट्रियस्तरको कम्पनीका शाखा | १०००० | १०००० | १०००० | १०००० |
| २७.३ | उच्च स्तरको पसल | ८००० | ८००० | ८००० | ८००० |
| २७.४ | मध्यम स्तरको पसल | ५००० | ५००० | ५००० | ५००० |
| २७.५ | सामान्य स्तरको पसल | २००० | २००० | २००० | २००० |
| २७.६ | संचालित सप्लायर्स | १००० | १००० | १००० | १००० |
| २८. | **फोटो स्टुडियो** | | | | |
| २८.१ | उच्च स्तरको पसल ( कलर ल्याव फ्लेक्स प्रिन्ट समेत भएको ) | २००० | २००० | २००० | २००० |

| संकेत | व्यवसायको विवरण | २०७६।०७७ को स्वीकृत | २०७७।०७८ को स्वीकृत | २०७८।०७९ को स्वीकृत | २०७९।०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| २८.२ | मध्यम स्तरको पसल (कलर ल्याब नभएको) | १२०० | १२०० | १२०० | १२०० |
| २९. | **सैलुन तथा ब्युटी पार्लर पसल** | | | | |
| २९.१ | राम्रो स्तरको पसल (४ सिट भन्दा बढी ) | १००० | १००० | १००० | १००० |
| २९.२ | सामान्य स्तरको पसल (४ सिट भन्दा कम) | ६०० | ६०० | ६०० | ६०० |
| ३०. | **टेलर** | | | | |
| ३०.१ | क श्रेणीको पसल (४ भन्दा बढी मेसिन राखेको पसल) | १२०० | १२०० | १२०० | १२०० |
| ३०.२ | ख श्रेणीको पसल (२ देखि ४ सम्म मेसिन राखेको पसल) | ८०० | ८०० | ८०० | ८०० |
| ३०.३ | ग श्रेणीको पसल (२ भन्दा कम मेसिन राखेको पसल) | ६०० | ६०० | ६०० | ६०० |
| ३१. | **एग्रोभेट पसल** | | | | |
| ३१.१ | क श्रेणीको ( थोक पसल ) | १००० | १००० | १००० | १००० |
| ३१.२ | ख श्रेणीको ( खुद्रा पसल ) | ६५० | ६५० | ६५० | ६५० |
| ३२. | **स्नुकर र पुल हाउस** | | | | |
| ३२.१ | स्नुकर | ३००० | ३००० | ३००० | ३००० |
| ३२.२ | पुलहाउस | २००० | २००० | २००० | २००० |
| ३२.३ | स्वास्थ्य र मनोरन्जनात्मक व्यायाम शाला | | | | ४००० |
| ३२.४ | फन पार्क | | | | ५००० |
| ३३. | **डिलर तथा डिष्ट्रिब्युटर्स** | | | | |
| ३३.१ | मदिरा,वियर जस्ता मादक पदार्थको डिलर | १२००० | १२००० | १२००० | १२००० |
| ३३.२ | चुरोट,विडी जस्ता ध्रुम्रपानमा | १०००० | १०००० | १०००० | १०००० |
| ३३.३ | पेट्रोल पम्पमा | ८००० | ८००० | ८००० | ८००० |

| संकेत | व्यवसायको विवरण | २०७६।७७ को स्वीकृत | २०७७।७८ को स्वीकृत | २०७८।७९ को स्वीकृत | २०७९।८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| ३३.४ | अन्य डिलरमा (नुन र मट्टितेल बाहेक) | ५००० | ५००० | ५००० | ५००० |
| ३३.५ | नुन र मट्टितेलको डिलर | १००० | १००० | १००० | १००० |
| ३४ | **विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | | |
| ३४.१ | चिकित्सक | १००० | १००० | १००० | १००० |
| ३४.२ | कविराज | ६०० | ६०० | ६०० | ६०० |
| ३४.३ | ईन्जीनियर | १००० | १००० | १००० | १००० |
| ३४.४ | **निर्माण सेवा :** | | | | |
| ३४.५ | नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको ठेकेदार | १०००० | १०००० | १०००० | १०००० |
| ३४.६ | नेपाल सरकारबाट इजाजत प्राप्त ख वर्गको ठेकेदार | ५००० | ५००० | ५००० | ५००० |
| ३४.७ | नेपाल सरकारबाट इजाजत प्राप्त ग वर्गको ठेकेदार | २५०० | २५०० | २५०० | २५०० |
| ३४.८ | नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको ठेकेदार | २००० | २००० | २००० | २००० |
| ३४.९ | कानुन व्यवसायी : वरिष्ठ अधिवक्ता र अधिवक्ता (ल फर्म संचालन गरेको ) | ७०० | ७०० | ७०० | ७०० |
| ३४.१० | अभिकर्ता | ५०० | ५०० | ५०० | ५०० |
| ३४.११ | लेखनदास | ४०० | ४०० | ४०० | ४०० |
| ३४.१२ | लेखा परीक्षकःक श्रेणी र ख श्रेणी | १२०० | १२०० | १२०० | १२०० |
| ३४.१३ | ग श्रेणी | ६०० | ६०० | ६०० | ६०० |
| ३४.१४ | घ श्रेणी | ५०० | ५०० | ५०० | ५०० |
| ३४.१५ | दन्त चिकित्सक | ६०० | ६०० | ६०० | ६०० |
| ३४.१६ | अनुसन्धानकर्ता तथा परामर्शदाता | १५०० | १५०० | १५०० | १५०० |
| ३४.१७ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | १५०० | १५०० | १५०० | १५०० |

| संकेत | व्यवसायको विवरण | २०७६।०७७ को स्वीकृत | २०७७।०७८ को स्वीकृत | २०७८।०७९ को स्वीकृत | २०७९।०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| ३४.१८ | वीमा एजेन्ट | ५०० | ५०० | ५०० | ५०० |
| ३४.१९ | सर्भेयर | ५०० | ५०० | ५०० | ५०० |
| ३४.२० | अनुवादक | ५०० | ५०० | ५०० | ५०० |
| ३४.२१ | पशु चिकित्सक | ६०० | ६०० | ६०० | ६०० |
| ३४.२२ | सामान ढुवानीकर्ता तथा कम्पनी | १५०० | १५०० | १५०० | १५०० |
| ३४.२३ | नापी व्यवसाय | १००० | १००० | १००० | १००० |
| ३४.२४ | विज्ञापन एजेन्ट | १००० | १००० | १००० | १००० |
| ३४.२५ | वैदेशिक रोजगार एजेन्ट | ५००० | ५००० | ५००० | ५००० |
| ३४.२६ | स्वदेशी रोजगार एजेन्ट | २००० | २००० | २००० | २००० |
| ३४.२७ | सेक्रेटरियल सेवा | २००० | २००० | २००० | २००० |
| ३४.२८ | एयरलाइन्स र कार्गो सेवा | ५००० | ५००० | ५००० | ५००० |
| ३४.२९ | हाउजिं कम्पनी तथा घर जग्गा खरिद बिक्री - (रियल स्टेट ) | ५००० | ५००० | ५००० | ५००० |
| ३४.३० | सटिङ्ग सामानहरु | २००० | २००० | २००० | २००० |
| ३४.३१ | कवाडि सामान संकलन तथा विक्री | १००० | १००० | १००० | १००० |
| ३४.३२ | डाई क्लिनर्स | १००० | १००० | १००० | १००० |
| ३४.३३ | साइन वोर्ड बनाउने पेन्टिङ् सेवा | ५०० | ५०० | ५०० | ५०० |
| ३४.३४ | फूल र विरुवा बिक्रेता | ५०० | ५०० | ५०० | ५०० |
| ३४.३५ | सिसा, प्लाइउड विक्रेता | २००० | २००० | २००० | २००० |
| ३४.३६ | खेलौना, उपहार ( गिफट ) विक्रेता | १५०० | १५०० | १५०० | १५०० |
| ३५ | **चुरा पोते पसल** | | | | |
| ३५.१ | क श्रेणी (थोक विक्री) | १२०० | १२०० | १२०० | १२०० |
| ३५.२ | ख श्रेणी (खुद्रा विक्री) | ६०० | ६०० | ६०० | ६०० |

| संकेत | व्यवसायको विवरण | २०७६।०७७ को स्वीकृत | २०७७।०७८ को स्वीकृत | २०७८।०७९ को स्वीकृत | २०७९।०८० को प्रस्तावित |
|---|---|---|---|---|---|
| ३६. | **चस्मा पसल** | | | | |
| ३६.१ | चिकित्सक सेवा सहितको | १५०० | १५०० | १५०० | १५०० |
| ३६.२ | चिकित्सक सेवा रहितको | १००० | १००० | १००० | १००० |
| ३७ | **मसाज पार्लर** | १५०० | १५०० | १५०० | १५०० |
| ३८ | **औद्योगिक कारखाना तथा उद्योगहरुमा** | | | | |
| ३८.१ | चामल, दाल, पिठो , तेल उत्पादा गर्ने र गल्ला खरिद सहित ठुलो उद्योगबाट | ४५०० | ४५०० | ४५०० | ४५०० |
| ३८.२ | चामल, दाल, पिठो , तेल उत्पादा गर्ने मिनी प्लान्टमा | ३५०० | ३५०० | ३५०० | ३५०० |
| ३८.३ | सामान्य पसल | १००० | १००० | १००० | १००० |
